नेपाल सरकार

## सूचना तथा संचार मन्त्रालय

## चलचित्र विकास बोर्ड, सरस्वतीनगर, चावाहिल, काठमाडौंको

## चलचित्र नगरीको गुरु योजना तयार सम्बन्धी सूचना

## प्रकाशित मिति :२०७४।०६।२५

यस चलचित्र विकास बोर्डको स्वीकृत बार्षिक कार्यक्रम अनुसार दोलखा जिल्लाको भिमेश्वर नगरपालिका लाकुरी डाडा वडा नं. ९ मा पर्ने करिव १५०० रोपनी क्षेत्रमा चलचित्र नगरी स्थापना गर्नको लागि गुरु योजना (Master Plan) तयार गर्न परामर्श सेवा लिने कार्यका लागि यस अघि सूचना प्रकाशित गर्दा पर्याप्त आशयपत्रदाताहरु छनौट हुन नसकेको हुंदा यस अघि भए गरेका सम्पुर्ण प्रकृया रद्द गरीएको ब्यहोरा यसै सूचना द्वारा सम्बन्धित आशय पत्रदाताहरुलाई जानकारी गराईन्छ । सो कार्यका लागि ईच्छुक प्रस्तावदाता, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र कार्यालय समयमा देहायका विवरण सहित सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३० र नियमावली,२०६४ को नियम ७० बमोजिमको आशयपत्र (Expressions of Interest) पेश गर्नुहुन अनुरोध गरिन्छ । सूचनाको बिस्तृत विवरण र अवधारणा पत्र बोर्डको वेवसाईट www.film.gov.np र सूचना पाटीमा उपलब्ध छ ।

**देहाय :**

१. आशयपत्रको योग्यता:

(क) नविकरण भएको फर्म दर्ता प्रमाणपत्र (ख) मु.अ.कर दर्ता प्रमाणपत्र (ग) आ.ब. २०७२/०७३ को कर चुक्ता प्रमाणपत्र

२. गर्नु पर्ने कार्यको संक्षिप्त विवरण :

(क) चलचित्र नगरी निर्माण क्षेत्रको बिस्तृत सर्वेक्षण

(ख) बाहिरी मुलुकमा भएका फिल्म सिटी सेन्टरको स्थलगत अध्ययन भ्रमण

(ग) गुरु योजना अनुसार संरचना निर्माण हुने स्थानको माटो परिक्षण

घ) गुरु योजना अनुसार निर्माण हुने संरचनाको बिस्तृत डिजाईन, ड्रइङ, लागत अनुमान र बिल अफ क्वान्टीटी

ङ) अन्य गर्नू पर्ने कार्यको अवधारणा पत्र बोर्डको वेवसाईट www.film.gov.np, बाट प्राप्त गर्न सकिने छ ।

च) प्रतिवेदन तयार गरी पेश गर्ने ।

३. आशयपत्रदाताको योग्यता, अनुभव र त्यस्तो कार्य गर्नसक्ने क्षमता:

४. फर्म वा कम्पनीको विवरण र प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको बैयक्तिगत विवरण सहितको हस्ताक्षर भएको Bio-data संलग्न गर्नुपर्नेछ ।

५. फर्म वा कम्पनीले समूह, संगठन वा संयुक्त उपक्रमको रुपमा परामर्श सेवा दिने भए त्यस्ता फर्म वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने फर्म वा कम्पनीको नाम ।

६. विगत सात वर्षमा सम्पन्न गरेको समान प्रकृतिका काम र स्थानको विवरण उल्लेख हुनु पर्नेछ ।

७. विगत पांच आर्थिक वर्षमाा कम्तीमा औसत रु. १,१०,००,०००।-(एक करोड दशलाख रुपैयाँ) को आर्थिक कारोबार गरेको प्रमाणित वासलात र नाफा-नोक्सान खाता (Balance Sheet, Profit & Loss Account) संलग्न गर्नु पर्नेछ ।

८. आशयपत्र पेश गर्नुपर्ने स्थानः चलचित्र विकास बोर्ड, सरस्वतीनगर, चावहिल,काठमाडौं, सम्पर्क नं. ०१४८१२३८७

९. आशयपत्रदाताको सम्पर्क ठेगाना, फोन नं. र सम्पर्क व्यक्ति उल्लेख गर्नुपर्नेछ ।